भोल्म ११, नं. २
(अप्रिल १९८४)

# 'मौद्रिक परम्परा र केही नेपाली माटोका मुद्रा '

रमेश ढुङ्गेल
ने.ए.अ. केन्द्र

मानव उत्पत्ति र विकासको साथ-साथै जब-जब मानिस स्वावलम्बनको त्यस धुरीलाई नाघेर अगाडि बढ्न शुरू गऱ्यो, त्यसै समयदेखि साधारणतया मानव जातिको व्यावसायिक पदाको जन्म भयो भन्ने कुरामा मतभेद हुन सक्दैन । यस पूर्वावस्थामा प्रथमत: मानिसले विनिमयको माध्यमको रूपमा वस्तुमुद्रा ( Commodity Money ) लाईनै प्रचलनमा ल्यायो। यस पश्चात् यसै क्रमले सामाजिक अर्थतन्त्रको जति-जति विकास हुँदै आयो, उति-उति यस किसिमको वस्तु विनिमयमा कठिनाइहरू बढ्दै गए । जनसंख्या वृद्धिको कारणले आवास क्षेत्रको विस्तार हुँदै गयो, यही विस्तार प्रक्रियाको छिटोपनले गर्दा नै मानिसलाई वस्तुविनिमयमा कठिनाइको पर्खाल अगाडि उभ्याइदियो; फलत: मौलिक अर्थव्यवस्थाको प्रादुर्भाव भयो[१] ।

मानव समाजको पूर्वावस्थामा ढुङ्गा, माटो, छाला, कौडी, हाड आदि वस्तुहरू पनि विनिमयका माध्यमको रूपमा प्रयोग भएको कुराको पनि उल्लेख पाइन्छ[२]। वैदिक कालमा आएर 'हिरण्य'; निष्क: आदिलाई विनिमयका माध्यमको रूपमा प्रयोग भएको कुरा तात्कालिक ग्रन्थहरूबाट स्पष्ट हुन आएको छ[३]। यसरीनै विस्तार-विस्तार अन्य चाँदी, तामा आदि धातु पनि विनिमयका माध्यमको परिपूर्तिको लागि मुद्राको रूपमा प्रयोग हुन थाल्यो । नेपालमा पनि मौद्रिक अर्थव्यवस्थाको शुरुआत प्राचीन कालदेखिनै भएको कुरा इतिहासले प्रष्ट्याएको छ । मुद्राको प्रचलनमा नेपालमै मौलिक रूपमा मुद्रा निर्माण गरेर प्रयोग गरिएको पहिलो तथ्य हामीलाई 'मानाङ्क' मुद्राको प्राप्तिले मात्र दिन्छ तापनि नेपालमा वाणिज्य व्यापार र अन्य विनिमय सम्बन्धी प्रक्रियाको लागि मुद्राको प्रयोग चाहिं नेपालको हालसम्म प्राप्त अभिलेखको आधारमा प्रामाणिक इतिहासकाल भन्दा झण्डै झण्डै १००० वर्ष पहिले अर्थात् पाँचौं शताब्दी ईशापूर्वदेखिनै भएको बुझिन्छ । यस तर्कलाई पुष्टि गर्ने २ थरी प्रमाणहरू हाम्रो अगाडि छन् । प्रथम प्रमाणको रूपमा यस लेखका लेखकले अनुसन्धान क्रममा काठमाडौं गौशाला निर प्राप्त गरेका २ वटा प्राचीन भारतीय आहत मुद्रा ( Punch Marked Coin ) लाई लिन सकिन्छ[४]। जुन मुद्राहरू नेपाल-भारतको बीचको प्राचीन धार्मिक वा व्यापारीक सम्बन्धले यहाँ भित्रिएको हुनुपर्दछ । यस विषयमा केही विस्तृत चर्चा "नेपालमा आहत मुद्राको प्राप्ति, इतिहासमा नयाँ आयाम" विषयको लेखकको लेखमा गरिएको छ[५]। यसरी नेपाल-भारत बीचको प्राचीन सम्बन्धले गर्दा र नेपालमा मुद्रा प्रसारणको आवश्यकता कम हुनुले जे जति रूपमा चलनचल्तीमा थिए, तिनै प्राचीन भारतीय मुद्राहरू नेपालमा चलेको हुनुपर्दछ । किनकि त्यस

समथका खास गरी 'आहत' मुद्रा धातु र तौलको स्तरीयताको आधारमा चल्ने हुनाले जुनसुकै निकटवर्ती, राज्य तथा संस्थाहरूले त्यसलाई स्वीकार्न कुनै सन्देह लिनु पर्दैनथ्यो । त्यस्तै गरेर दोस्रो प्रमाणको रूपमा हाम्रो अगाडि प्राचीन ग्रन्थ कौटिल्यको अर्थशास्त्र रहेको छ । यस ग्रन्थमा नेपाल शब्द र यहांका राडी पाखी र त्यसको व्यापार विषयमा चर्चा गरेको छ[६]। कौटिल्यको अर्थशास्त्रको प्राचीनतालाई विद्वानहरू चन्द्रगुप्त मौर्यको समय अर्थात् चौथो शताब्दी ईशापूर्वसम्म पुऱ्याउंछन् । यस आधारमा अध्ययन गर्दा नेपालको व्यापार ईशापूर्व चौथो शताब्दी देखिनै भारतीय क्षेत्रसम्म विस्तार भएको कुरा उल्लेख गर्न सकिन्छ । यस समयसम्ममा विस्तार भइसकेको व्यापारको थालनी क्रममा पनि १०० वर्ष अगाडिदेखिनै शुरू भएको हुनुपर्दछ । यसरी कौटल्यको अर्थशास्त्रको समयभन्दा करीव १०० वर्ष पहिले अर्थात् ईशापूर्व पांचौ शताब्दी तिर नेपाल भारत वीच हुने व्यापारको माध्यमवाट त्यहां प्रचलित मुद्राहरू नेपालमा पनि थोर वहुत प्रचलनमा हुनु निकै सम्भावना देखिन्छ । विद्वानहरू भारतीय आहत मुद्राको प्रसारण कालको विषयमा चर्चा गर्दा मौर्य साम्राज्यको शुरू अवस्थातिरनै आहत मुद्राको प्रसारणमा कमी आउन थालिसकेको विषयमा चर्चा गर्दछन्[७]। त्यसैले 'आहत' मुद्रा नेपालमा मौर्य साम्राज्य काल वा सोभन्दा केही अगाडिनै भित्रिएको कुरा स्वीकार्न सकिन्छ । यसरी नेपालको मौद्रिक इतिहासमा सर्वप्रथम प्राचीन भारतीय आहत मुद्रा देखिनुको मुख्य कारण मगधसमेत भारतीय महाजनपद युगका विभिन्न जनपदहरूसंग नेपालको सम्बन्ध हुनु हो । विभिन्न जनपद वासीहरूमध्येका वृजिक जस्ता जातिको विषयमा त नेपालका प्राचीन अभिलेखमा उल्लेख नै पाइन्छ[८]। यस आधारमा प्राचीन भारतीय जनपदवासीहरू नै पनि त्यही समय वा केही समय पछि यस क्षेत्रमा प्रवेश गरेको वुझिन्छ । यसले गर्दा पनि ती प्राचीन मुद्राहरू केही न केही रूपमा यहां आएको हुनु सम्भव छ।

यस पछि पनि व्यापार वाणिज्यको माध्यमको रूपमा भारतीय प्राचीन मुद्राहरू नेपालमा चल्दैरहेको कुरा पुरातात्विक प्रमाणहरूले पुष्टि गरेका छन्। जसमध्ये आहत मुद्रा पछि दोस्रो स्थान कुषाण मुद्राले लिन्छन् । कपिलवस्तु क्षेत्रको उत्खननबाट प्राप्त भएका ईशापूर्व दोस्रो शताब्दीदेखि ईशाको दोस्रो शताव्दीसम्मका विभिन्न मुद्राहरूबाट व्यापारीक सम्बन्ध र मुद्रा प्रचलन विनिमयको माध्यमको रूपमा त्यस समयमा पनि कायम रहेको कुरा स्पष्ट हुन आएको छ[९]। यसका अलावा यस सिलसिलामा श्री ५ महेन्द्रको यात्रामा लुम्बिनीवाट प्राप्त भएका अनुमानत: ईशापूर्वका केहीमुद्रा उपहारस्वरूप चढाइएको र उपर्युक्त मुद्राहरू मुद्रा-संग्रहालयमा सुरक्षित रहेको कुराको उल्लेख पनि निकै महत्वपूर्ण मानिन्छ[१०]। यस्तै गरेर काठमाडौंमा पनि कुषाण कालिक मुद्राको प्राप्ति भएको कुराले उपर्युक्त विषयमा अरू पुष्टि मिल्न गएको छ ।

लिच्छविराजा मानदेवले चलाएको 'मानाङ्क' मुद्राको प्रादुर्भावदेखि लगातार करीव ४ शताब्दीसम्म मौलिक रूपमा मुद्रा निर्माण गरी विनिमयको माध्यमको रूपमा तामाका मुद्रा प्रयोग भएको कुरा तात्कालिक मुद्राहरूको प्राप्ति र अभिलेखहरूवाट समेत स्पष्ट हुन आएको छ ।

यी लिच्छवि राजाहरूले शुरू गरेको मौद्रिक परम्पराले नै नेपालको मौद्रिक इतिहासमा वास्तवमा प्रथम स्थान लिएको छ । हुनत माथि उल्लेख गरिए बमोजिम यहाको आफ्नो मौद्रिक परम्परा शुरू हुनु भन्दा अगाडि विदेशी (प्राचीन भारतीय) मुद्राले पनि विनिमयको काम नगरेको होइन, साथै यहाको आफ्नै मौद्रिक परम्परा शुरू भइसकेपछि पनि भारतीय सिक्काहरू विनिमयमा यहा चल्दै नचलेका पनि होइनन् । तै पनि नेपाली मुद्राको इतिहासमा यी मुद्राले पहिलो स्थान लिनुको साथै तात्कालिक व्यापार-वाणिज्य समेत राष्ट्रिय अर्थतन्त्रमा निकै महत्वपूर्ण भूमिका निभाएको कुरामा भने दुइमत हुन सक्दैन । लिच्छविहरूले प्रचलनमा ल्याएको यो मौद्रिक व्यवस्था र परम्परा 'पशुपति' मुद्रामा आएर टुटेको देखिन्छ । हुनत नवौं शताब्दीदेखि पछिका केही शताब्दीहरू ऐतिहासिक दृष्टिकोणले केही अस्पष्ट नै देखिन्छन् । तर विगत केही वर्ष यता यस युगका पनि केही पक्षलाई प्रकाश पार्ने सामग्रीहरू प्रकाशित हुँदै गरेको देखिन्छन् । यस कालमा 'शिवका' दम्म 'दाम' रूप्यदम्म' आदि मुद्रासँग सम्बद्ध नामहरू प्रयोग भएका अभिलेखहरू प्राप्त भएका छन्[११]। तापनि यी सब मुद्रा नै हुन् भनेर निश्चयसाथ किटान गर्न सकिने आधार अहिलेसम्म मिल्न सकेको छैन । यसै परिप्रेक्ष्यमा हालसालै शिवदेवले प्रचलनमा ल्याएका भनिने चाँदीको द्रम्म 'मुद्रा' प्राप्त भएको खबर छापिएको विषयलाई बिर्सन सकिन्न[१२]। यदि यो कुरा सत्य भएमा नेपाली मुद्राको इतिहासमा यसको ठूलो स्थान रहने कुरामा विकल्प उठ्न सक्दैन । यस्तै गरेर 'शिवका' भन्न सकिने स्वर्ण मुद्रा पनि भेटिएको चर्चा सुन्नमा आएको हो तर कहीं अधिकारीक रूपमा प्रकाशमा आएको बुझिएको छैन । यसबाहेक यसकालका कुनै पनि धातुकामुद्राहरू प्राप्त हुन सकेको छैन ।

यस पश्चात् नेपालको इतिहासमा मुद्रा टकमरी गराइ प्रचलनमा ल्याउने प्रथम राजा को हुन् ? भन्ने विषयमा चर्चा गर्दा इतिहासकार तथा मुद्रा शास्त्रीहरू कान्तिपुरका महेन्द्रमल्लको नाम लिने गर्दथे । तर दोलखाका राजा इन्द्रसिंह देवको चाँदीको मुद्राको प्राप्ति[१३]इन्द्रसिंह देवको कालनिर्णय भइ सकेपछि माथि उल्लेख गरिएको रायमा परिवर्तन आएको छ । अभिलेखको आधारमा गरिएको काल निर्णय अनुसार इन्द्रसिंह देवको अन्तिम अभिलेख ६६८ ने.सं. को हो[१४] यता महेन्द्रमल्लको शासन काल शुरुआत ६८० ने.सं. देखि भएर ६६४ ने.सं. मा उनको मृत्यु भएको तथ्य पाइएको छ[१५]। यस आधारमा अध्ययन गर्दा दोलखाका राजा इन्द्रसिंह नै महेन्द्रमल्ल भन्दा पहिले नेपालमा चाँदीको मुद्रा टकमरी गराई प्रचलनमा ल्याउने ठहर्दछन् । यो तथ्य त चाँदीको मुद्राको भयो । यसभन्दा अगाडि अर्थात् प्राचीनकालका तामाका मुद्रा पछि यतिलामो अवधिसम्म नेपालमा कुनै मुद्रा प्रसारित भएका थिएनन् त ? भन्ने प्रश्न हाम्रो अगाडि आउंछ । नेपालको मौद्रिक परम्परा र मुद्रा विषयका अनुसन्धाताहरूले अहिलेसम्मका कृतिहरूमा प्राचीन मुद्राको क्रम पशुपति मुद्रामा आएर टुङ्गिएपछि एकैचोटी मल्लकालिक नेपालका महेन्द्रमल्लले चाँदीको मुद्रा टकमरी गराई प्रचलनमा ल्याएका हुन् भन्ने विचार व्यक्त

गरेका छन् । यसबाहेक माथि उल्लेख गरिएको इन्द्रसिंहको मुद्रा प्राप्ति र काल निर्णय पछि महेन्द्रमल्लवाट सरेर इन्द्रसिंहमा कुरा पुगी टुङ्गिएको छ । प्राचीन मौद्रिक परम्पराको क्रम टुङ्गिएपछि अर्थात् पशुपतिमुद्रा पछि पछिल्लो मल्लकालसम्म भारतको केन्द्रीय सरकारले प्रसारण-मा ल्याएको मुद्राले विनिमयको माध्यमको काम गरेको कुरा पनि इतिहासकारहरूले व्यक्त गरेका छन्[१६]। तर यस विचारधारामा पनि पुनर्विचार गर्नुपर्ने अवस्था अहिले आएको छ । एकातिर वंशावलीमा कान्तिपुरका राजा रत्नमल्लले सुकी टक मार्न छाडेर तामाखानीवाट तामा ल्याई पैसाका मुद्रा पनि वनाई प्रचलनमा ल्याए भन्ने कुराको उल्लेख परेको छ[१७]। भने अर्कोतिर्फ पूर्व मध्यकालमा प्रचलित मनिने 'द्रम्म' 'शिवका' जस्ता नेपाली मुद्राहरू प्राप्त भएको खवरहरू आइरहेका छन्[१८]। साथसाथै पूर्व मध्यकाल र मध्यकालमा प्रसारण गरिएका माटोका मुद्राको विषयमा पनि निर्णय गर्नु पर्ने अवस्था छदैछ ।

माथि उल्लेख गरिएको वंशावलीको कुरालाई स्वीकार गर्दा रत्नमल्ल भन्दा अगाडिनै सुकी आदि मुद्राहरू प्रचलनमा भएको कुरा वुझिन्छ । यस आधारमा विचार गर्दा यहाँनिर के निष्कर्ष निकाल्न सकिन्छ भने, रत्नमल्ल भन्दा अगाडि अर्थात् मध्यकालको शुरू अवस्था देखिनै संभवत: चाँदीका सुकी आदि मुद्राहरू टकमरी गराई प्रसारण गर्ने परपरा नेपालमा छँदै थियो तर प्रसारणको परिमाणमा कमी हुँदो हो । यो कुरा लिखित स्रोत र मुद्राको प्राप्तिले पनि अव प्रष्टिन शुरू भएको छ । यी माथि उल्लेख गरिएका तथ्य र रायहरू नेपालको मौद्रिक इतिहास र परम्पराको विषयका भए । अव आज यस सन्दर्भमा केही नेपाली मौद्रिक परम्परा-को इतिहासमानै उल्लेख गर्न सकिने मुद्राहरूमा केही आफ्नो संग्रहमा भएका मल्लकालिक माटो-का चक्काहरूको विवरण र त्यसवारेको आफ्नो राय प्रस्तुत गर्न उचित ठानेको छु

माटोका मुद्राको विषयमा उल्लेख गरिहाल्नु भन्दा अगाडि सरकारको तर्फवाट विनि-मयको माध्यमको रूपमा प्रचलनको लागि कुन-कुन वस्तुको प्रयोग हुन सक्दछ भन्ने विषयमा विचार गर्नु उचित हुन्छ । मानवजातिको इतिहासले स्पष्ट पारेको छ कि, मानवसभ्यता र संस्कृतिको विकासको साथ-साथै जव-जव धनी व्यापारीहरू र सामन्त वर्गको हातवाट राज्यको अर्थव्यवस्था राज्यले आफै लिन थाल्यो; त्यसै समयदेखि जुनसुकै भौतिक वस्तुको भएपनि सर-कारले आफ्नो तर्फवाट कुनै चिन्ह अङ्कित गराएर विनिमयको माध्यमको रूपमा मुद्रा प्रचलन-मा ल्याएको देखिन्छ[१९]। त्यसैले यस परिप्रेक्ष्यमा यही भन्न सकिन्छ कि, अनुकूल हेरी सरकारले जुनसुकै भौतिक वस्तुको पनि मुद्रा वनाउन सक्दछ तर यसमा स्थिरता र सर्वमान्यतालाई भने प्राय: ध्यान दिएकै हुन्छ । जहाँसम्म माटोको मुद्राको कुरा छ धातुको कमी र निर्माणको सरलपनको कारणले गर्दा पनि यसको निर्माण र प्रयोग भएको कुरामा वढी सम्भावना देखाउन सकिन्छ ।

माटोका मुद्राको विषयमा हाम्रो मौद्रिक इतिहासमा त्यति गहन खोजी हुन सकेको छैन भन्नुमा अत्युक्ति हुन्न । अहिलेसम्म प्राप्त भएका मध्ये पहिला मानदेवको लुम्बिनीवाट प्राप्त चक्का लाई मान्न सकिन्छ; जसलाई केशर वहादुर के.सी.ले उल्लेख गर्नु भएको छ[२०]। यस कुरालाई मनन गर्दा हाम्रो धातु र माटो दुवैका् मुद्राको इतिहास एकैपटक शुरू भएको हो भनी अनुमान गर्न सकिन्छ । उपर्युक्त तथ्य हाम्रो अगाडि आएतापनि उक्त माटोको चक्कालाई माटोको मुद्रा नै हो भनी स्वीकार्न हामीलाई पुष्टि गर्ने अन्य प्रमाण समेत त्यसको वास्तविक अध्ययन गर्नु पर्ने हुन्छ । कतिपय माटोका चक्काहरू धार्मिक भावनाले प्रेरित भएर र अन्य विविध कार्यको लागि पनि निर्माण गरिएको वुझिन्छ[२१]। चावहिलको स्तूप भएकै स्थानमा प्राप्त भएको "येधर्मा हेतु प्रभवा ....." भन्ने वुद्धधर्म सम्बन्धी श्लोक उल्लेख भएको स्तूप चित्राङ्कित माटोको चक्का यस लेखको लेखकको संग्रहमा पनि भएको र जुम्लाको गुफा तथा अन्यत्र पनि समय समयमा कुटिला लिपिमा यस्तो श्लोक छापिएका माटोका चक्काहरू प्राप्त भएका प्रमाणहरू मिल्दछन् र मिलिरहेकै छन् । यस्तै गरेर यस लेखकको संग्रहमा अर्को एक कुटिला लिपिमै 'शिवस्य' अभिलेख सहितको त्रिशूल चित्राङ्कित माटोको सानो चक्का पनि हालसालै प्राप्त भएको छ । यस्तै किसिमको चित्र अङ्कित भएको धातुको (तामा) वृष अभिलेख भएका मुद्राहरू पनि लिच्छवि-कालिक नेपालमा चलेको वुझिएको छ । केशर वहादुर के.सी.ले अंग्रेजी वर्णमालाको 'डब्ल्यू' चित्र भनी यसलाई मान्नु भएको छ । उपर्युक्त कुराले धातु जस्तै माटोको पनि मुद्रा निर्माण गर्ने परम्परा त्यस समयमा थियो कि ? भन्ने तर्फ अनुसन्धाताहरूको ध्यानाकर्षण हुन्छ । तर माथि उल्लेख गरिएका दुवै माटोका चक्कामा एकपट्टि अर्थात् अग्र भागमा मात्र चित्र; लिपि अङ्कित भएको देखिन्छ । जस्तो त्रिशूल चित्र भएको चक्कामा अग्र र पृष्ठ दुवैभागमा चित्र र अभिलेख नभएर एकभागमा मात्र 'शिवस्य' अभिलेख र त्रिशूल चित्र अङ्कित भएको छ । यस किसिमले एक तर्फ अर्थात् अग्रभागमा मात्र चित्र तथा लिपि छापिएका र वनावटमा पनि केही भद्दापन देखिने किसिमका माटोका चक्कालाई माटोका मुद्रानै भनेर भन्न सकिन्न । यस्ता चक्काहरू खास गरी धार्मिक भावनाले प्रेरित भएर नै कुनै धार्मिक मन्त्र, चिन्ह आदिको छाप राखी वनाएर चढाउने गरिएको कुरामा वढी विश्वास राख्न सकिन्छ । यस कुराको प्रमाणका लागि अहिलेसम्म प्रचलनमा रहेको वुद्धधर्मका अनुयायीहरूको चलनलाई लिन सकिन्छ । महायान सम्प्रदायका र तिव्वती वुद्धधर्मका अनुयायी दुवैथरीले अहिले पनि चैत्य स्तूप छोर्तेन आदि वनाउंदा त्यस भित्र विभिन्न मंत्रहरू वुद्धधर्मसंग सम्बद्ध देवी-देवताहरू, ठूल-ठूला लामाका मूर्तिहरूका समेत छाप र स-साना चैत्यहरूनै पनि वनाई भित्र राखी चैत्य निर्माण गर्ने गर्दछन् । तिव्वती र त्यस उत्पतिका हिमालवासीहरूसमेत त्यस्ता साना छाप र चैत्यहरू-लाई छा-छा भन्दछन् ।

यसरी उपर्युक्त किसिमका माटोका चक्कालाई मुद्रा मान्ने ठोस आधार नभएपछि मुद्रा-संग्रहालयमा 'माटोको मुद्रा' शीर्षकमा राखिएका माटोका चक्काको विषयमा विचार गर्नु आवश्यक हुन्छ । त्यहाँ विभिन्न किसिमका माटोका चक्काको साथ-साथै 'रूप वर्मा' लेखिए-को र मथसिं षासियाको माटोको चक्का संकलनमा भएको कुरा उल्लेख छ[२२]। माटोका मुद्राको विषयमा उल्लेख गर्दै विभिन्न विद्वान्हरूले भिन्ना-भिन्नै राय पेश गरेको पाइन्छ । डा.जग-दीश चन्द्र रेग्मीको विचारमा माथि उल्लेखित 'रूपवर्मा' अङ्कित माटोको चक्का सरकारी अधिकारीको छाप बाहेक अरू केही होइन[२३]। त्यस्तै सूर्यविक्रम ज्ञवालीले सोपासीको अभिलेखमा उल्लेखित '५० सेता मृत्तिका'[२४] को आधारमा ५० सेता मृत्तिका भनेको सेता माटाका पोल्का मुद्रा हुन सम्भव छ भनी उल्लेख गर्नु भएको तर्कलाई पनि रेग्मीज्यूले स्वीकार्नु भएको छैन[२५] । यसै सन्दर्भमा रेग्मीज्यूको अर्को विचार पनि यहाँ उल्लेख गर्न उचित हुन्छ । उहाँको विचार-मा "माटोको पैसामा यसको अस्थायी स्वरूप र मूल्यविहीन साथै उत्तरदायित्व (Security) नहुने हुनाले यो कहिले पनि अर्थव्यवस्थामा विनिमयको माध्यम हुन सक्दैन"[२६]। यस विषयमा उहाँको 'सरकारी अधिकारीको छाप' भन्ने राय चाहिँ माटोको चक्काको एकापट्टिमात्र लि-पि चित्र आदि उल्लेख भएको कारणले र भोजपत्र आदिमा काली नरम माटो राखेर रजिष्ट्रे-शन आदि कार्यहरूमा सरकारी अधिकारीको छाप लगाउने प्रचलन भएको कारण नै भन्ने बुझि-न्छ[२७]।

अब अर्कोतर्फ डा. हितनारायण झाले भने मृत्तिकालाई मुद्राकैरूपमा स्वीकार्नु भएको पाइन्छ[२८]। यहाँनिर झाज्यूले अभिलेख संग्रह-१ को पृ. ३७ मा उल्लेखित "पुराण ८० मृत्तिका .....[२९] भन्ने अभिलेखको पाठको आधारमा पुराण मुद्रा भएको र मृत्तिकाको त्यसै सन्दर्भमा उल्लेख भएबाट मृत्तिका पुराण भन्दा सानुइकाइको मुद्रा मान्न खोज्नु भएको जस्तो बुझिन्छ । वास्तवमा अभिलेखमा 'पुराण र मृत्तिका'को प्रयोग भएको स्थितिको आधारमा झाज्यूको विचारलाई धेरै हदसम्म स्वीकार गर्न सकिन्छ । तर अन्य विद्वान्हरूले 'पुराण' पछि प्रयोग भएको 'मृत्तिका' शब्दले अर्को बेग्लै शब्दसंग सम्बन्ध राख्न खोजेको जस्तो गरी अनुमान गर्दै अभिलेखको अनुवाद गरेको पनि पाइन्छ[३०]। अभिलेखको "पुराण ८० मृत्तिका" भन्ने भाग पछिका अक्षरहरू नदेखिने भएकोले यो स्थिति पैदा भएको हो[३१]। तर अभिलेखमा पुराण ८० मृत्तिका शब्द पछि केही शब्दहरू पाठ गर्न नसकिने गरी नष्ट भएका छन् तर फेरि ... का ५ पणपुराण ६० आदि शब्द उल्लेखित छन् । अभिलेखमा यसरी अगाडिबाट मन्दिरको (भग-वान् लोकपाल स्वामीको) विभिन्न सेवा कार्य गर्नेहरूलाई निश्चित परिमाणमा अन्न (धान) छुट्याइएको सिलसिलामा देवदासलाई १२० पुराण, दासीहरूलाई ८० पुराण र मृत्तिका र केही शब्द मेटिएपछि फेरि ६० पणपुराण आँगन सफासुघर गर्न र फेरि केही शब्द मेटिएर निश्चित कार्यको लागि चामलको परिमाण तोकी छुट्याइएबाट रकमको सिलसिलामा आएको मृत्तिका शब्दले पनि कुनै न कुनै रकमको परिमाण कै काम गरेको बुझिन्छ । यस आधारमा

यहाँ उल्लेखित मृत्तिका माटोको मुद्रा हुन सक्दछ/ जुन पुराण भन्दा सानु इकाइ अफ पणपुराण भन्दा पनि सानु इकाइ हुन सम्भव छ ।

यसरीनै सोपासीको अभिलेखमा उल्लेख भएको मृत्तिकाको विषयमात माथिनै पनि उल्लेख गरिसकिएको छ । यसलाई भाज्यूले " Fifty Pieces of Full Silver Coins for Each Villager ......" अर्थात् प्रत्येक गाउलेलाई ५० शुद्ध चाँदीका पैसा भनी उल्लेख गर्नु भएको छ[३२]। यसै क्रममा सत्यमोहन जोशीको विचार पनि यहाँ उल्लेख गर्नु उचित हुन्छ । उहाले माटोको छापलाई आंशिक रूपमा मुद्रा भनी स्वीकार्नु भएको पाइन्छ र उहाँको विचार-मा यस्ता माटोका चक्काहरू कम मूल्यका टोकन मुद्रा भएको र यसको उदाहरणको लागि भूपवर्मा (रूपवर्मा) र सिद्धिनरसिंहका माटोका छाप चक्काहरू देखाउनु भएको छ[३३]। यस्तै गरी माटोको मुद्रा शीर्षकमा १३ वटा क्रमको पनि उल्लेख जोशीज्यूले गर्नु भएको छ[३४]। तर उहाले क्रममा राखिएका माटोका चक्काहरूमा कुनचाहिं खास मुद्रा (पैसा) हुनू र कुन-कुन चाहिं छाप मात्र हुनू भन्ने कुरा केलाउने प्रयास भने गर्नु भएको छैन ।

यस परिप्रेक्ष्यमा माटोको मुद्रा अर्थतन्त्रमा विनिमयको माध्यम कुनै हालतमा पनि हुन सक्दैन भन्ने आशय नभएर अवस्था अनुकूल यस्तो हुन पनि सक्दछ भन्ने मेरो धारणा भएको कुरा माथिनै पनि उल्लेख गरिसकिएको छ । जहाँसम्म स्थायित्व (Durability) को प्रश्न छ, आजको काग-जी मुद्रालाई पनि उदाहरणको रूपमा लिन सकिन्छ । यसरी निर्माणको सरलता स्थानान्तरणा-को सरलता हुनै हुनाले राज्यमा धातुको कमी भएको खण्डमा यस्ता माटोका मुद्रा पनि विनि-मयको रूपमा चलाउन सरकारले सक्दछ भन्ने कुरामा विश्वास राख्न सकिन्छ । अर्को कुरा साना इकाइका मुद्राहरू प्रसारणमा कम हुँदा पनि यस्तो हुन सक्दछ । यस लेखमा उल्लेख गरिने ३ मल्लकालिक मुद्राहरूलाई दृष्टि दिँदा पनि माटोको मुद्रा होइन भनेर भन्न सकिँदैन । उक्त मुद्राको आकार प्रकार कलाकारीता लिपि आदिको अध्ययनबाट यी मुद्राहरू साधारण छापको रूपमा र धार्मिक भावनामा प्रेरित भएर मात्र निर्माण गरियो भनेर भन्न सकिँदैन । त्यसैले उक्त मुद्राहरू कानुनग्राह्य (Legal Tender) मुद्राकै रूपमा प्रयोग भएको हुनु पर्दछ । यद्यपि कुनै मौद्रिक इकाइको आशय यिनमा पाईदैन तापनि कम मूल्यका मुद्राको काम माटोको मुद्राले चलाउने परम्परा भएको कुराको धेरै हदसम्म सम्भावना देखाउन सकिन्छ[३५]। यसै सिलसिलामा छालाका मुद्रालाई पनि उल्लेख गर्नु पर्ने हुन्छ । सिद्धिनरसिंह मल्लका स्पष्ट छाप भएका छालाका मुद्राहरू पनि भेटिएको खबर पाइएको छ । यदि यो सत्यहो भने, माटोका जस्तै छालाका पनि मुद्रा कम इकाइको विनिमयको कार्यको लागि मल्लकालमा प्रसारण भएको थियो भन्ने बुझिन्छ । माटोका यस्ता मुद्रालाई कसैकसैले धार्मिक भावनाले निर्माण गरिएका भन्ने रायको पनि छाला-का मुद्राको प्राप्तिले खण्डन गर्दछ । किनकि छालाका त्यस्ता चक्का (टुक्रा)हरू देवतालाई चढाउने त कुरै भएन र यो परम्परा अद्यावधि हामीकहाँ छैन । हुनत मल्लकालिक र त्यस भन्दा अगाडिका प्राचीन मुद्राहरूमै पनि स्पष्ट रूपमा इकाइ खोलिएको कहीं पाइन्छ र ? अवश्य

पाईदैन । तर त्यस समयसम्म परम्परागत तौल र धातुको गुणको आधारमा मूल्य निर्धारण गरिने परम्परा चलिरहेको कुरामा द्विविधा उत्पन्न हुन सक्दैन; जुनकुरा माटोको मुद्रामा लागू हुन सक्दैन । किनकि, धातुको स्तरता (Metal Standard) भन्ने सवाले माटोको मुद्रामा भएन ।

यस लेखका प्रासङ्गिक माटोका मुद्राहरू निम्न छन्:-

१. <u>पाटनका राजा सिद्धिनरसिंहको माटोको मुद्रा</u>[३६]

यस मुद्राको अग्रभागमा `श्री श्री सिद्धि` र त्यसको वरि-परि धर्का र साना थोप्लाहरू छन् । पृष्ठ भागमा माथिल्लोपट्टि केही अस्पष्ट वुट्टाको साथमा दायाँसुट्टो उठाएको सिंह र तल नेवारी लिपिमा ७७४ अङ्क अङ्कित छ । वरिपरि थोप्ला र धर्का देखिन्छ र यो केही पातलो छ । यो मुद्रा सानु गौचरको ठीक पछाडि मालीगाउँमा जग खन्दा प्राप्त भएको कुरा वुभ्किएको छ ।

२. <u>सिद्धिनरसिंहको पहिलो भन्दा सानो माटोको मुद्रा</u>

यो मुद्राको आकार सानो भएता पनि यसको मोटाइ केही वाक्लो छ । यो ६ चौसा परेको छ र मोटाईको ६ वटै पाटामा फूल्वुट्टावाट शुरू भएर छुट्टा-छुट्टै एक एक अक्षर गरेर `सि द्धि न र सिं` नेवारी लिपिमा अङ्कित छ । अग्रभागमा वरिपरि थोप्ला र कुने धर्काको वीचमा वज्रको चित्र र `इन्द्राणी` भन्ने नेवारी लिपिमा अङ्कित छ । वज्रको चित्र भन्दा माथि त्रिशूलाकार पनि देखिन्छ । पृष्ठ भागमा माथिल्लो पट्टि अस्पष्ट वुट्टा र तेर्सो धर्का मुनि यसमा पनि नेवारी लिपिमा ७७४ अङ्क अङ्कित छ; जुन ७७४ नेपाल संवत् हो । यो मुद्रा पचलीघाटको पारिपट्टि `राजतीर्थ` भन्ने स्थानमा प्राप्त भएको हो ।

३. <u>पाटनका राजा विष्णु मल्ल को माटोको मुद्रा</u>

यो मुद्रामा मौद्रिक गुण अझ वढी पाइन्छ । किनकि विष्णु मल्लको चाँदीको मुद्रामा भएको छाप यस मुद्राको दुवै अग्र र पृष्ठ भागमा पाइन्छ र यसको आकार पनि केही ठूलो छ। यसको मोटाइ त्यति पातलो पनि छैन र त्यति वाक्लो पनि । यसमा वरिपरि ८ चौसा छन् र मोटाइ वरिपरि साधारण फूल्वुट्टा अङ्कित छन् । मुद्राको अग्र भागमा `श्री श्री` धर्का माथि र वीचमा `जय विष्णु मल्ल देव` साथै त्रिशूलको चित्र अङ्कित छ र धर्का मुनि सवभन्दा तल अन्य मल्लकालिक चाँदीमुद्रामा जस्तै गरेर ८५७ अङ्क अङ्कित छ जुन ने.सं. ८५७ हो । पृष्ठ भागमा वरिपरि आठकुने घेरा वाहिर श्री श्री योग नरेन्द्र मल्ल देव र घेरा भित्र `श्री श्री श्री लोकनाथ` र वीचमा खड्ग चित्र अङ्कित भएको देखिन्छ । यसको लिपि पनि नेवारी नै छ । यो मुद्रा देउपाटन दक्षिणामूर्ति भन्दा दक्षिण पाटोमा ललितेश्वर (जुन पहिले पुरिएर रहेको थियो) को स्थानमा प्राप्त भएको हो ।

उपर्युक्त मुद्राहरूमा देखिएका विशेषताहरूको अध्ययन गर्दा प्रायः धातुमुद्रामा मिल्दा-जुल्दा देखिन्छन् । सिद्धिनरसिंह मल्लको सिंह अङ्कित भएका अन्य प्रमाणहरू पनि पाइएका छन् । त्यस्तै विष्णुमल्लको र अन्य पाटनका राजाहरूका चाँदीके मुद्रामा पनि श्री श्री श्री लोकनाथ, करूणामय साथै वरिपरि योग नरेन्द्र मल्ल साथै खड्ग अङ्कित गर्ने परम्परा भएको देखिन्छ । तीनवटै मुद्रामा अन्य धातुमुद्रामा जस्तै स्पष्टरूपमा तल संवत् अंकित भएको देखिन्छ । यस कुरावाट मुद्रा संग्रहालयमा 'रूपवर्मा' र मथसिं षासियाको भन्दा ऐतिहासिक प्रामाणिकता मुद्राको रूपमा वढी यी मुद्रामा मिलेको छ । मथसिं षासियाको माटोको मुद्रामा पनि अग्र र पृष्ठभाग दुवैतर्फ वुट्टा र लिप्याङ्कित भएको हुनाले अफिसरको छाप मात्र हो भन्ने आशय-चाहिं मिल्दैन तापनि मिति नभएको हुनाले ऐतिहासिक क्रम मिलाउन र वढी प्रामाणिकता पेश गर्न भने यसवाट सकिँदैन । वेण्डालको विचारमा प्राचीन मल्ल वंशको अन्त्यतिर, जयस्थिति-मल्लको प्रभुत्व भन्दा अगाडि मथसिं षासियाले उपत्यकामा धावा गरी प्रभुत्व जमाएको थियो र यसै समयतिर माटोको मुद्रा प्रचलनमा ल्याएको कथनको आधारमा १३२८ इ.सं. तिर भनी मिति तोक्न कोशिश गरिएको पाइन्छ[३७]। जे होस्, लिच्छवि भन्दा पछाडि नेपालको मौद्रिक इतिहासमा देखिएको अन्धकारमा यो एक मुद्रा भएपनि नाप, लिपि र कलासम्म बोकेर हाम्रो इतिहासको पानामा उभिन आएको छ ।

यस लेखमा उल्लेख गरिएका मुद्राहरूलाई गहन दृष्टि दिएर हेर्दा तिनमा ज्यादै उच्च-स्तरीय कालीगडी भल्कन्छ र अदारहरू पनि प्राय स्पष्ट छन् । ज्यादै मेहनत र होशियारी-साथ मुद्रा वनाउने काम भएको कुरामा मुद्रा हेर्नासाथ स्पष्ट हुन्छ । त्यसैले यदि उपर्युक्त मुद्राहरू साधारण छाप र अरू केही त्यस्तै कार्यको लागि मात्र प्रयोग भएको हो भने ठीक धातुमुद्रामा भएकै विशेषताहरू तिनमा किन भए ? साथै निर्माणमा त्यत्रो मेहनत पनि किन? भन्ने प्रश्न हाम्रो अगाडि आउन सक्दछ । तल्लोस्तरीय कलाकारीता र एक भागमा मात्र लिपि, चित्र अङ्कित साथै भद्दा किसिमका छाप चक्का धार्मिक क्रियाकलाप र अन्य विविध कार्यको प्रयोग साथै साधारण टोकनको रूपमा लेन-देनमा चलेको कुरामा वढी संभावना देखिने भएता-पनि माथि उल्लेख गरिएका ३ मुद्राहरू चाहिं समकालीन मौद्रिक विनिमयमा कुनै न कुनै रूपमा प्रयोग भएके हुनु पर्दछ भन्ने कुरामा वढी विश्वास राख्न सकिन्छ । त्यसैले संक्षेपमा यौनै हुन सक्दछ कि, मल्लकालमा सानु इकाइका मुद्राहरू प्रचलनमा त्यति नभएको कारणवाट विनिमयको सरलताको लागि सानु इकाइको मुद्राको रूपमा माटोको मुद्राको प्रचलन भएको हुनु पर्दछ ।

हुनत अन्तिम मल्लकालतिर साना इकाइका मुद्राहरू पनि प्रचलनमा देखिए तापनि माथि उल्लेखित राजाहरूको समयमा कम मूल्यका अर्थात् सानु इकाइका मुद्रा भेटिएका छैनन् । यसरी उपर्युक्त नेपाली मुद्राहरूको आधारमा एकातिर नेपाली मुद्राशास्त्रको अध्ययनमा थप क्षेत्र निम्तिएको छ भने, अर्कोतिर मुद्राको प्राप्तिस्थलको ऐतिहासिक महत्व पनि यसवाट वढ्न गएको छ; जसले अरू गहन खोजी गर्न निर्दिष्ट स्थानको दिशा वोध गराउन पनि सहयोग

पु-याउने कुरामा विश्वास राख्न सकिन्छ । सोजी भएको खण्डमा यस विषयमा अरू वढी जानकारी प्राप्त गर्न सकिने कुरामा दुइमत हुन सक्दैन ।

अव यस विषयमा यी माटोका मुद्राहरूको मौद्रिक इकाइ र यसको समकालीन चाँदीका सिक्कासंगको सम्बन्धको विषयमा साथै यसमा सरकारको तर्फवाट जमानत (Guarantee) को विषयमा उल्लेख भएको कुनै प्रामाणिक अभिलेख प्राप्त गर्न सके मौद्रिक इतिहासमा अरू वढी महत्व माटोको मुद्राको हुन्थ्यो र तथ्यको लागि पुष्टि मिल्दथ्यो । यसैले यस विषयमा हाम्रा अल्पछि हुने अनुसन्धान कार्यमा वढी महत्व दिएर माटोको मुद्रा र धातु मुद्राको मूल्यको सम्बन्ध जोड्न पाइला चाल्नु पर्ने देखिन्छ ।

## टिप्पणी


१. रमेश ढुङ्गेल, `हिन्दु समाजमा मौद्रिक व्यवस्थाको विकास,' मधुपर्क अङ्क १२, वैशाख २०३८, पृष्ठ २५ ।

२. सत्य मोहन जोशी, `नेपाली राष्ट्रिय मुद्रा,' ललितपुर: जगदम्बा प्रकाशन, २०१९, पृष्ठ ४ ।

३. D.C. Sircar, 'Studies in Indian Coins,' Delhi: Motilal Banarasi Dass, 1968, p. 59.

४. `गोरखापत्र,' २०३९ पौष १८ गते,
`द राइजिङ नेपाल,' जनवरी ४, १९८३,
`नव भारत टाइम्स,' जनवरी ५, १९८३,
`हिमाल चुली,' जनवरी ५, १९८३ आदि ।

५. रमेश ढुङ्गेल, `नेपालमा आहत मुद्राको प्राप्ति इतिहासमा नयाँ आयाम' गरिमा वर्ष १ अंक २, पृष्ठ ४५-५१ ।

६. R. Shamshastri, (Tr.) 'Kautilya's Arthasastra,' Mysore: 1929, p. 80.

७. सत्यनारायण दुवे, `पुरातत्व, प्राचीन सिक्के, लिपि एवं अभिलेख विज्ञान,' वाराणसी: आनन्द पुस्तक मंदिर १९८०, पृष्ठ २० ।

८. धनवज्र वज्राचार्य, `लिच्छविकालका अभिलेख', कीर्तिपुर: नेपाल तथा एशियाली अध्ययन संस्थान, २०३० वि.सं., पृष्ठ ४७५ ।
गौतमवज्र वज्राचार्य, `वृज्जिकरथ्या' पूर्णिमा अंक ६, श्रावण २०२२, पृष्ठ १२-१६ ।

९. वावुकृष्ण रिजाल, `लुम्बिनी अन्चलका पुरातात्विक निधिहरू' स्वतन्त्र विश्व, २०३७ ।

१०. सत्य मोहन जोशी, पूर्ववत् नं. २, पृष्ठ ३२ ।

११. जगदीश चन्द्र रेग्मी, `लिच्छवि संस्कृति,' काठमाडौं: रत्न पुस्तक भण्डार २०२६ वि.सं. पृष्ठ २४४।

१२. `आजकल` २०४० चैत्र १७, पृष्ठ १, ५।

१३. बाबुराम आचार्य, `श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायणशाहको संक्षिप्त जीवनी`, काठमाडौं: श्री ५ महाराजाधिराजको प्रेस सचिवालय राजदरबार, २०२४ वि.सं.पृ.८४।

१४. मोहन खनाल, `नेपालका केही मल्लकालीन अभिलेख,` काठमाडौं: मोहन खनाल, २०२९ वि.सं., पृष्ठ १३ ।

१५. D.R. Regmi, 'Medieval Nepal,' Vol. II, Calcutta: K.L. Mukhopadhyay, 1966, p. 533.

धनवज्र वज्राचार्य र टेक बहादुर श्रेष्ठ, `दोलखाको ऐतिहासिक रूपरेखा`, कीर्तिपुर: नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, २०३१ वि.सं., पृष्ट २९, ३० ।

१६. D.R. Regmi, op. cit., No. 15, p. 530,

१७. धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ, पूर्ववत् नं. १५, पृष्ठ २९ ।

१८. सत्यमोहन जोशी, पूर्ववत् नं. २, पृष्ठ ७१ ।

१९. जगदीश चन्द्र रेग्मी, पूर्ववत् नं. ११, पृष्ठ २४४ ।

२०. कहिले कहीं राज्यकै तर्फबाट पनि व्यापारी, धनी व्यक्ति आदिलाई टकसारी अधिकार पनि दिएको देखिन्छ ।

२१. Keshar Bdr. K.C., 'The Judicial Custom of Nepal', Kathmandu: Ratna Pustak Bhandar, 1971, Pl. No. XXX.

२२. धनवज्र वज्राचार्य, पूर्ववत् नं. ८, पृष्ठ ५८८-५९० ।

२३. रूपवर्मालाई सत्यमोहन जोशीले `भूपवर्मा` भनी उल्लेख गर्नु भएको छ, पूर्ववत् नं. २, पृष्ठ ६५ ।

२४. जगदीश चन्द्र रेग्मी, पूर्ववत् नं. ११, पृष्ठ २२७ ।

२५. R. Gnoli, Nepalese Inscription in Gupta Characters, Rome: Instituto Italino Peril Estremo Orinte, 1956, p. 49.

धनवज्र वज्राचार्य, पूर्ववत् नं. ८, पृष्ठ २७४ ।

२६. धनवज्र वज्राचार्यले पनि यसलाई मुद्रा मान्नु भएको छैन ।

२७. जगदीश चन्द्र रेग्मी, पूर्ववत् नं. ११, पृष्ठ २२७ ।

२८. जगदीश चन्द्र रेग्मीज्यूले लेखकलाई बताउनु भए अनुसार ।

२९. H.N. Jha, The Licchavis', Varanasi: Chowkhamba Sanskrit Series Office, 1970, p. 200.

३०. संशोधन मण्डलद्वारा प्रकाशित `अभिलेख संग्रह पहिलो भाग`, पृष्ठ ३७ ।

३१. `दासीहरूलाई ८० पुराण, माटो .....`

धनवज्र वज्राचार्य, पूर्ववत् नं. ८, पृष्ठ ४८८ ।

३२. पूर्ववत् नं. २९, पृष्ठ ३७,

धनवज्र वज्राचार्य, पूर्ववत् नं. ८, अ. संख्या १२९ ।

३३. H.N. Jha, op. cit., No. 28, p. 200.

३४. सत्यमोहन जोशी, पूर्ववत् नं. २, पृष्ठ ६५ ।

३५. ऐजन् पृष्ठ १५८ ।

३६. सत्यमोहन जोशीको पनि यही राय देखिन्छ । राष्ट्रिय मुद्रा पृष्ठ ६५ ।

३७. यो मुद्रा सत्यमोहन जोशीको नेपाली राष्ट्रिय मुद्रा १५८ पृष्ठको क्रम नं. ६ मा पनि नामसम्म उल्लेख भएको पाइन्छ ।

३८. सत्यमोहन जोशी, पूर्ववत् नं. २, पृष्ठ ६४ ।


सन्दर्भ ग्रन्थहरू

अभिलेख संग्रह पहिलो भाग काठमाडौं: संशोधन मण्डल, २०१८ ।

आचार्य, बाबुराम, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, काठमाडौं: श्री ५ महाराजाधिराज सरकारको प्रेस सचिवालय, राजदरबार, २०२४ ।

खनाल, मोहन प्रसाद, नेपालका केही मल्लकालीन अभिलेख, काठमाडौं: मोहन खनाल, २०२९ ।

जोशी, सत्यमोहन, नेपाली राष्ट्रिय मुद्रा, ललितपुर: जगदम्बा प्रकाशन, २०१९ ।

दुबे, सत्यनारायण, पुरातत्व, प्राचीन सिक्के, लिपि एवं अभिलेख विज्ञान, वाराणसी: आनन्द पुस्तक मन्दिर, १९८० ।

वज्राचार्य, धनवज्र, लिच्छविकालका अभिलेख, कीर्तिपुर: नेपाल तथा एशियाली अध्ययन संस्थान, २०३० ।

वज्राचार्य, धनवज्र र टेकबहादर श्रेष्ठ, दोलखाको ऐतिहासिक रूपरेखा, कीर्तिपुर: नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, २०३० ।

रेग्मी, जगदीशचन्द्र, लिच्छवि संस्कृति, काठमाडौं: रत्न पुस्तक भण्डार, २०२६ ।

English

Gnoli, R., Nepalese Inscriptions in Gupta Characters, Rome: Instituto Italino Peril Estremo Oriente, 1956.

K.C., Keshar Bahadur, The Judicial Custom of Nepal, Kathmandu: Ratna Pustak Bhandar, 1971.

Regmi, D.R., Medieval Nepal, Vol. II, Calcutta: K.L. Mukhopadhyay, 1966.

Sham Shaastri, R. (Tr.), Kautilya's Arthasastra, Mysore: 1929.

Sircar, D.C., Studies in Indian Coins, Delhi: Motilal Banarasi Dass, 1968.

लेख तथा पत्रपत्रिकाहरू

‘आजकल’ साप्ताहिक, २०४० चैत्र १७ ।

‘गोरखापत्र’ दैनिक, २०३९ पौष १८ ।

‘राइजिङ्ग नेपाल’ दैनिक, जनवरी ५, १९८३ ।

‘नव भारत टाइम्स’ दैनिक, जनवरी ६, १९८३ ।

‘हिमालचुली’ दैनिक, जनवरी ६, १९८३ ।


ढुङ्गेल, रमेश, ‘हिन्दू समाजमा मौद्रिक व्यवस्थाको विकास’ मधुपर्क अङ्क १२, वैशाख २०३८ ।

------------‘नेपालमा आहत मुद्राको प्राप्ति इतिहासमा नयाँ आयाम’ गरिमा वर्ष १, अङ्क २ (२०३९ फाल्गुन) ।


वज्राचार्य, गौतमवज्र, ‘वृज्जिकरथ्या’ पूर्णिमा अंक ६, श्रावण, २०२२ ।

रिमाल, बाबुकृष्ण, ‘लुम्बिनी अञ्चलका पुरातात्विक निधिहरू’ स्वतन्त्र विश्व २०३७... ।



विष्णुमल्लको मुद्रा अग्रभाग    सिद्धिनरसिंहको मुद्रा नं.१ अग्रभाग    सिद्धिनरसिंहको मुद्रा नं.२ पृष्ट भाग



बिष्णुमल्लको मुद्रा पृष्ट भाग    सिद्धिनरसिंहको मुद्रा नं.१ पृष्ट भाग    सिद्धिनरसिंहको मुद्रा नं.२ अग्रभाग